म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ७० सोमबार ३१ असोज २०७९ ने. सं. ११४२ कौलागा 17 October, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## १६ लाख बराबरको चाँदी र भाँडासहित पक्राउ

हेटौंडा, ३० असोज/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले अवैध रुपमा हेटौंडा ल्याउन खोजिएको चाँदी र भाडाँसहित हेटौंडाबाट एक जनालाई पक्राउ गरेको छ ।

हेटौंडा-१४ बाट १६ लाख ४० हजार रुपैयाँ बराबरको चाँदीका गरगहना र भाँडासहित एक जनालाई पक्राउ गरिएको मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक बामदेव गौतमले जानकारी दिए । हेटौडा उपमहानगरपालिका वडा नम्बर-१४ स्थित डाइभरडाँडाबाट करिब २० किलो चाँदीका गरगहना बरामद भएको एसपी गौतमले बताए ।

प्रहरीले पर्सा विरगंज महानगरपालिका वडा नम्बर १६ बस्ने ४४ वर्षीय लालबाबु साहलाई पक्राउ गरेको हो । डाईभरडाडाबाट प्रदेश २-०३-०१८ प ८२४८ को मोटरसाइकलमा हेटौंडा बजारतर्फ आउँदै गरेका साहलाई चेकजाँच गर्दा १९ किलो ८ सय ४५ ग्राम चाँदीबाट बनेको अवैध गरगहनाहरु बरामद भएको जनाइएको हो । अवैध चाँदीका गरगहना, मोटरसाइकल र साहलाई नियन्त्रणमा लिएर आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया पठाइएको प्रहरीले जनाएको छ ।

# डीना र खतिवडाले भनेः संविधान अपनत्व नगर्नेले लोकतन्त्र बचाउँछ भन्नु भ्रम

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ मकवानपुरको दुई वटै प्रतिनिधिसभा क्षेत्रका गठबन्धनका उम्मेदवार महालक्ष्मी उपाध्याय 'डीना' र विरोध खतिवडाले संविधान बनाएर लोकतन्त्र बचाउनेलाई मत दिन आग्रह गरेका छन् ।

मकवानपुरगढीको शिखरकटेरीमा लोकतान्त्रिक वामगठबन्धनको संयुक्त कार्यालय उद्घाटन गर्न प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार नेपाली कांग्रेस सहमहामन्त्री डीना र निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार नेकपा (एकीकृत समाजवादी) स्थायी कमिटी सदस्य खतिवडा पुगेका थिए ।

आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको अभियानलाई तीव्रता दिने क्रममा दुबै उम्मेदवारहरुले संयुक्तरुपमा निर्वाचन परिचालन कार्यालय उद्घाटन गरेका हुन् । एउटै मञ्चबाट सम्बोधन गरेका डीना र खतिवडाले संविधान बनाएर मुलुकलाई समृद्ध बनाउन भूमिका खेल्नेलाई मत दिन आग्रह गरेका थिए ।

निर्वाचन कार्यालय उद्घाटनपश्चात् ६ नम्बर वडाको बाँधमा भएको दीपावली, नेपाल सम्वत्, छठ, ल्होसारको शुभकामना कार्यक्रममा गठबन्धनका डीना र खतिवडासहित प्रदेशसभा निर्वाचनका उम्मेदवारहरुले पनि सम्बोधन गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि रहेकी कांग्रेस सहमहान्त्री प्रतिनिधिसभा क्षेत्र नम्बर १ का उम्मेदवार डीनाले संविधान, संसद् र लोकतन्त्रको हरण हुनबाट



जोगाउन लोकतान्त्रिक बाम गठबन्धन कायम रहने बताइन् । 'जसले यो संविधान अपनत्व गर्दै हस्ताक्षर गरेको छैन, त्यस्ता शक्तिहरुले लोकतन्त्र बचाउँछ भन्नु भ्रम हो', डीनाले भनिन् । उनले एमालेले गरेको गठबन्धन अपवित्र भएको बताइन् ।

'डीना'ले आफू पहिलो पटक पूर्वी मकवानपुरको भूगोलमा उम्मेदवार भएपनि पूर्वी मकवानपुरको विकासमा उल्लेख्य बजेटहरु पहिलादेखि नै व्यवस्था गर्दै आएको दाबी गरिन् । उनले कतै माओवादीको, कतै समाजवादीको र कतै कांग्रेसको उम्मेदवार छैन भन्दै उक्साउन आउनेहरुलाई कमल थापा बोकेर कस्तो लोकतन्त्र र गणतन्त्रको अनुभूति गराउन खोजेको भन्ने प्रश्न गर्न आग्रह गरिन् ।

निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार खतिवडाले पश्चिम मकवानपुरको विकासमा आफ्नो दशकौँ लगानी रहेको बताए । बिजुली, खानेपानी, स्वास्थ्य, शिक्षा, विकास, भौतिक पूर्वाधार सबै क्षेत्रमा कायापलट गराउने काममा आफ्नो भूमिका रहेको बताउँदै उनले भने, 'तीन वर्ष मुख्यमन्त्री भएका कसैले कुनै एउटा योजना १० करोडमाथि पारेको भेटिनँ, मेरो कुरा काटेरै दिन बिताएछन्', खतिवडाले केपी ओलीले दुई दुई पटक संसद् विघटन गरेर लोकतन्त्र मास्न खोजेको र अहिले पनि कमल थापा, राजेन्द्र लिङ्देनहरु बोकेर संविधानको मर्ममा प्रहार गर्दै अराजकता मच्चाउन खोजेको आरोप लगाए । गठबन्धनलाई मत दिन खतिवडाले आग्रह गरे ।

'२०३६, ४६, ६३ को आन्दोलन दबाउन खोज्ने कमल थापा यतिखेर सूर्य चिन्ह बोकेर जनताको बहुदलीय जनवादको व्याख्याता भएका छन्, कमल थापाले एमाले पार्टीमा प्रवेश गराउने कार्यक्रममा छेउछाउमा डोरमणि पौडेल र रामेश्वर राना ६-६ वटा दाँत देखाएर बसिरहेका देखिन्छन्', खतिवडाले भने । कार्यक्रममा बागमती प्रदेशको सामाजिक विकास मन्त्री तथा प्रदेशसभा २ को (क)की उम्मेदवार कुमारी मुक्तानले पाँच वर्षमा आफ्नो भूगोलमा विकासको कार्यक्रमहरु पारेको बताउँदै गठबन्धन बिजय नजिक पुगिसकेको दाबी गरिन् । उनले बागमती केन्द्र सरकार, प्रदेश सरकारमार्फत् हुने विकास निर्माणका कामका लागि पनि गठबन्धनलाई मत दिन आग्रह गरेकी छन् ।

नेकपा माओवादी केन्द्रका बागमती प्रदेश उपाध्यक्षसमेत रहेका प्रदेशसभा १ को (क)का उम्मेदवार प्रेमबहादुर पुलामी 'छिन्तु'ले नेकपा एमाले र राजावादी शक्तिहरुको बदमासीविरुद्ध गठबन्धन उभिएको र मकवानपुरको समग्र विकासका लागि मत दिन आग्रह गरे । अनेक आश्वासन दिने, भ्रम फैलाउनेबाहेक एमालेको खास काम नदेखिएको पुलामीको भनाइ थियो । नेपाली कांग्रेस मकवानपुरका नेता तथा प्रदेशसभा १ (ख)का उम्मेदवार आनन्दराम पराजुलीले एमालेले 'तपाईंको पार्टीका उम्मेदवार नै छैनन्' भन्दै मतदाता भड्काउने बाहेक कुनै नयाँ एजेण्डा नभएको बताए । गठबन्धनले सबैलाई समेट्ने र मकवानपुरको विकासमा लागिपर्ने भएकाले मकवानपुरका ६ जना नै उम्मेदवारलाई मत दिन आग्रह गरे ।

डीना, खतिवडा, मोक्तान, पुलामी र पराजुलीले सम्बोधन गरेको एउटै मञ्च अर्थात् मकवानपुरगढी गाउँपालिका दुई वटा प्रतिनिधिसभा क्षेत्र नम्बर र २ वटा प्रदेशसभा निर्वाचनभित्र पर्दछ । मकवानपुरगढीका ८ वटा वडामध्ये १, २, ३ र ४ नम्बर वडा प्रतिनिधिसभा क्षेत्र नम्बर १ तथा प्रदेशसभा १ को (क)मा पर्छ । जहाँ प्रतिनिधिसभामा डीना र प्रदेशसभामा माओवादीका पुलामी उम्मेदवार छन् । बाँकी ५, ६, ७ र ८ नम्बर वटा प्रतिनिधिसभा क्षेत्र नम्बर २ र प्रदेशसभा २ को (क)मा पर्छ । जहाँ गठबन्धनबाट प्रतिनिधिसभामा खतिवडा र प्रदेशसभामा माओवादीकी मोक्तान उम्मेदवार छन् ।

# जन्मकुण्डली जलाएर गरियो जोशीको अन्त्येष्टि





साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ १०३ वर्षको उमेरमा आइतबार बिहान निधन भएका वाङ्मय शताब्दी पुरूष सत्यमोहन जोशीको जन्मकुण्डली जलाएर अन्त्येष्टि गरिएको छ ।

आफ्नो शव अध्ययन निम्ति किष्ट अस्पताललाई बुझाउने जोशीको अन्तिम इच्छा थियो । त्यसैअनुसार अस्पताललाई शव दान गरेपछि जोशीका जेठा छोरा अनुराज र कान्छा छोरा डा. पूर्णराजले आइतबार साँझ ६ बजेर १४ मिनेटमा शंखमूलस्थित बागमती घाटमा जन्मकुण्डली जलाएर अन्त्येष्टि गरेका हुन् ।

जोशीका आत्मकथा लेखक गिरीश गिरीले आफ्नो ट्विटरमार्फत् अन्त्येष्टिको तस्बिर सार्वजनिक गरेका छन् ।

उनका अनुसार जन्मकुण्डली जलाएपछि कागजको खरानी र जोशीका लुगाफाटा बागमती नदीमा सेलाइएका थिए । उक्त क्षण जोशीका दुई छोरा र आफू गरी तीन जना मात्र उपस्थित रहेको गिरीले उल्लेख गरेका छन् ।

'पुरानो कागज असाध्यै पक्का किसिमको भएकाले बाल्न कठिन भएको थियो,' गिरीले ट्विटरमा लेखेका छन्, 'खरानीलाई बागमती नदीमा सेलाइएको थियो ।'

अन्त्येष्टि निम्ति जन्मकुण्डली जलाउनुअघि त्यसका प्रतिरूप निकालेर सुरक्षित राखिएको उनले लेखेका छन् ।

## बागमतीमा मानव कंकाल भेटियो



साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा मानव कंकाल फेला परेको छ । बागमती-१ स्थित बागमती खोला किनारमा मानव कंकाल भेटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले स्थानीयले कंकाल देखेपछि प्रहरीलाई खबर गरेको बताए । बागमती खोलाको किनारमा सडेगलेर शव कंकाल भएको अवस्थामा फेला परेको डीएसपी कार्कीले बताए । उक्त कंकाल कस्को हो भन्ने बिषयमा अनुसन्धान भइरहेको उनले बताए । कंकालको अवस्था हेर्दा खोलाले बगाएर मृत्यु भएको मान्छेको हुन सक्ने प्रहरीको अनुमान छ । उक्त कंकाल परीक्षणको लागि हेटौंडा अस्पतालमा राखिएको छ । कंकाल कति समय पुरानो हो ? महिलाको हो कि पुरुषको हो ? भन्नेबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरूः
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



ADMISSION OPEN
ENROLL NOW

BCA — Application form for Entrance Exam Ongoing
BIM — Online Entrance Application form for CMAT Bhadra 27
BBS — ADMISSION IS OPEN NOW

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES
www.hsm.edu.np
"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4, Makawanpur  info@hsm.edu.np  9855074222

साझाकुरा

## हाम्रो कुरा

# निर्यात प्रबर्द्धनात्मक उत्पादन

नेपालमा २०४६ मा प्रजातन्त्र पुन:स्थापनाले आम नेपालीमा समृद्धिको आशा जगाए पनि अझै पूरा हुन सकेको छैन । त्यतिबेला विकासका सूचकहरू नसुधारिएका होइनन्, तर अरू देशको दाँजोमा पुग्न सकेनन् । वास्तवमा नेपालको अर्थतन्त्र कहिल्यै बलियो रूपमा अघि बढेन । कुनैपनि अर्थतन्त्र राम्रो हुन त्यो देशको आम्दानीको स्रोत बलियो हुनुपर्छ । यसका लागि उत्पादन बढाउँदै वस्तु र सेवा बिक्री गर्ने प्रतिस्पर्धी क्षमता चाहिन्छ । उत्पादकत्व निकै उच्च अनि उत्पादन लागत कम हुनुपर्छ । अहिले नेपाली अर्थतन्त्र समस्यामा पर्नुको प्रमुख कारक चुलिँदो व्यापार घाटा र वैदेशिक मुद्राको घट्दो सञ्चिति हो । मुद्रा सञ्चिति घट्नुको कारण व्यापार घाटा नै हो । त्यसैले व्यापार घाटा कसरी कम गर्ने भन्ने प्रश्नमै समाधान खोज्नु जायज हुन्छ ।

निर्यात गर्ने भन्दैमा एकै देशले भएजति सबै कुरा उत्पादन गर्न सम्भव हुँदैन । कुन देशले के उत्पादन गर्ने भन्ने त्यहाँको तुलनात्मक लाभ केमा छ, त्यसले निर्धारण गर्छ । तुलनात्मक लाभका क्षेत्र पहिचान गर्न व्यापक अध्ययन आवश्यक छ । नेपालमा विगतमा त्यस्ता केही अध्ययन भएका छन् । उदाहरणका लागि ए. अग्रवाल र पी. पाण्डेले सन् १९९२ मा गरेको अध्ययनमा नेपालले जीवित पशु, नौनी, चामल, तरकारी जस्ता १५ वटा वस्तु उत्पादन तथा निर्यात गर्न सकिने सुझाइएको थियो । त्यस्तै, एशियाली विकास बैंकले सन् २००९ मा गरेको अध्ययनले काठमा आधारित वस्तु, बुनिएका कपडा, बङ्गुरबाट उत्पादित सुक्खा मासु निर्यात गर्न सकिने देखाएको थियो । नेपालमा यस्तो लाभका प्रमुख वस्तुमा जुटका सामान, कार्पेट, प्याकिङ झोला, पोलिस्टर यार्न, एक्रेलिक यार्नलगायत पर्छन् । तर, लाभको गणना गर्दा आयात-निर्यातको तथ्याङ्क प्रयोग गरिने भएकाले यी वस्तु उत्पादन गर्ने नेपालको तरिका र क्षमता थाहा हुँदैन । बाहिरबाट सामान झिकाई थोरै मूल्य बढाएर निर्यात गर्दा पनि तुलनात्मक लाभ बढी देखिन सक्छ, तर त्यस्तो निर्यात दीगो हुँदैन ।

उत्पादनीय वस्तु छनोट गर्दा विदेशमा केको माग बढी छ भन्ने पनि ख्याल गर्नुपर्छ । नेपालले पहुँच पाएको विश्वकै सबैभन्दा ठूलो बजारभारतबाट पनि लाभ लिन सकिरहेको छैन । अत: नेपालले उत्पादनको नीति निर्माण गर्दा छिमेकी मुलुकमा केको माग छ भन्नेमा विशेष ध्यान दिनुपर्छ । नेपालबाट हुँदै आएको निर्यातको विश्लेषण गर्दा स्थायी प्रकारको निर्यातयोग्य वस्तु कुनै देखिँदैन । त्यसैले समग्रमा दीर्घकालीनरुपमा निर्यात गर्न सकिने बस्तु तथा सेवा उत्पादन बृद्धिमा ध्यान दिनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कार्तिक ०१ गते मंगलबार १८ अक्टोबर २०२२ । कार्तिक कृष्णपक्ष अष्टमी । कौलागा ११४२ ने.सं. । सूर्योदय ६:०६, सूर्यास्त ५:३० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अनावश्यक खर्च हुनेछ | **तुला** | : कामको तारिफ हुनेछ |
| **वृष** | : चिताएको काम बन्नेछ | **वृश्चिक** | : दाम कमाउने बेला छ |
| **मिथुन** | : नसोचेको फाइदा पाइनेछ | **धनु** | : प्रयत्न निरर्थक हुनेछ |
| **कर्कट** | : चुनौतीहरु बढ्नेछन् | **मकर** | : पढाइमा प्रगति हुनेछ |
| **सिंह** | : आम्दानी घट्नेछ | **कुम्भ** | : उपचारमा खर्च हुनेछ |
| **कन्या** | : मित्रताले हर्ष बढ्नेछ | **मीन** | : लेनदेनमा विवाद हुनेछ |

# जलवायु परिवर्तन र बेमौषमी बर्षा



**विनोद पौटेल**

> यो वर्षको दसैं शोकमा डुब्यो परिवारमा निराशा फैलियो । बर्षाका कारण पश्चिम नेपालका जुम्ला, मुगु, कालिकोट लगाएतका जिल्लामा पहिरोका कारण तीन दर्जन भन्दा बढीले अनायासै ज्यान गुमाउनु पर्‍यो भने कतिपय पहिरोमा परेकाहरुको अझैसम्म पनि उद्धार हुन सकिरहेको छैन । निरन्तर बर्षाका कारण ति जिल्लाहरुमा गएको पहिरोका कारण जनधनको निकै क्षति पुर्‍याएको थियो । यो समय भनेको बर्षा हुने समयनै होइन तर जलवायु परिवर्तनका असरका कारण विना सिजनै बर्षा हुन थाल्दा सिंगो मुलुकलाई निकै ठूलो क्षति पुर्‍यायो ।

जलवायु परिवर्तनको प्रभावले गर्दा हाम्रो वातावरणमा नकरात्मक असरहरु बढ्दै गईरहेका छन् । वातावरण प्रदुषणका कारण पृथ्वीको तापक्रम बढ्दै जानाले जलवायु परिवर्तन हुँदा पछिल्लो समय नेपालमा आकस्मिक बाढी, हिमनदी विस्फोट तथा हिम पहिरो, खडेरी, तातो र चिसो लहर र अप्रत्यासित वर्षा, अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टिका कारण मानव जनजीवनमा प्रत्यक्ष रुपमा असर पुर्‍याउदै आएको छ । जस अन्तर्गत समाजका सबै क्षेत्रमा असर परेको छ र विशेषगरी महिला र सीमान्तकृत समुदायको जीवन र जीवनयापन नै संकटमा परेको छ । नेपालमा पनि जलवायु परिवर्तनले कृषि उत्पादनमा ह्रास आउने र समयमा वर्षा नहुने, बमौषमी बर्षाले प्रतिकुल असर पार्दै गईरहेको सर्वविदितै छ । यस्ता घटना हरेक वर्ष हामी नेपालीले सामाना गर्दै आईरहनु परेको छ ।

अप्रत्यासित रुपमा नेपालीहरुको महान चाड बडा दशैंको छेकोमा अप्रत्यासित रुपमा बेमौषमी वर्षाले वितण्डा मच्चायो । मौषमविद्हरुले यो वर्षको दसैंमा निरन्तर झरी पर्ने पूर्व संकेत दसैं सुरुहुनु पूर्व दिएका थिए भने सचेत रहन आग्रह समेत गरेको थिए । वास्तवमा त्यस्तै भयो पनि । बेमौषमी सिजनमा परेको पानीले वितण्डा मच्चाउदाँ बाढी पहिरोको मात्र सामाना गर्नु परेन निकैको ज्यान समेत लियो । यो वर्षको दसैं शोकमा डुब्यो परिवारमा निराशा फैलियो । बर्षाका कारण पश्चिम नेपालका जुम्ला, मुगु, कालिकोट लगाएतका जिल्लामा पहिरोका कारण तीन दर्जन भन्दा बढीले अनायासै ज्यान गुमाउनु पर्यो भने कतिपय पहिरोमा परेकाहरुको अझैसम्म पनि उद्धार हुन सकिरहेको छैन ।

निरन्तर बर्षाका कारण ति जिल्लाहरुमा गएको पहिरोका कारण जनधनको निकै क्षति पुऱ्याएको थियो । यो समय भनेको बर्षा हुने समयनै होइन तर जलवायु परिवर्तनका असरका कारण विना सिजनै बर्षा हुन थाल्दा सिंगो मुलुकलाई निकै ठूलो क्षति पुर्यायो । यस तर्फ सचेत र सजक आम मानिस रहनुपर्ने बाध्यात्मक अबस्था शिर्जना भएको छ ।

नेपालमा विभिन्न समयमा आईरहने प्राकृतिक विपत्तिले तर्सारहेको हुन्छ । बर्षाको समयमा पहाडमा जाने बाढी पहिरोको प्रकोप, त्यस्तै तराई भेगमा हुने डुवानले मानविय क्षति बर्षेनि हुँदै आइरहेको छ । वर्षाको समयमा सजक रहनुपर्ने बाध्यता रहेता पनि बेमौषममा पर्ने भारी बर्षाका कारण मानविय क्षतिको सामना गर्नु परिरहेको हुन्छ । प्राकृतिक प्रकोपले निम्त्याउने क्षतिको न्यूनिकरणका निमित्त सरकारका तर्फबाट पूर्व तयारीका कार्यक्रम खासै प्रभावकारी रुपमा लागु गर्न भने सकेको देखिदैन् ।

जब विपत्ति आइपर्छ तब सरकार र सरकारका प्रतिनिधि प्रभावितलाई राहतले नै टार्न मात्र खोजिरहेको हुन्छ । विपद् जोखिमको न्यूनिकरणका निमित्त पूर्वतयारीमा ध्यान नदिदा हरेक विपत्तिमा अनाहक जनधनको क्षति व्यहोर्नु परेको छ । अनाहकै ज्यान गुमाइरहनु परेको छ । बेमौसममा परेको निरन्तरको बर्षाले पहाडि भेगमा पहिरोले नगन्य क्षति पुऱ्याइरहेको अबस्था छ । यो बर्षाले कर्णाली प्रदेशमा ठूलोमात्रामा क्षति पुऱ्याएको छ । दसैं मनाउन घर फर्केकामा निराश फैलाएको छ ।

गत वर्ष पनि बेमौषमी बर्षाका कारण कृषि उत्पादनमा समेत क्षति पुऱ्याएको थियो । तराई कृषि क्षेत्रका निमित्त पकेटका रुपमा लिइन्छ । तराईको कृषि उत्पादनले मुलुकको हिस्सा ओगटेको छ । नेपालको प्रमुख आम्दानीको स्रोत नै कृषि हो । तर कृषि उत्पादनलाई नै गुमाउनु पर्दाको पिडा सायदै सहन सकिदैन । हो त्यस्तै पिडा यो बेमौसममा परेको बर्षाको प्रभाव किसानलाई भएको छ । गएको वर्ष पनि काटेर भित्र्याउन ठिक्क पारेको धानबालिमा निकै क्षति पुऱ्याएको थियो भने यो वर्ष पनि बेमौषममा आएको बर्षाले धानको बाला लाग्ने बेलामा कतिपय क्षेत्रमा धान ढलेर सोत्तर भएको समाचार पढिरहँदा यो बर्ष पनि कृषि क्षेत्रमा ठूलो पुग्ने देखिन्छ । खाद्यान्नमा हामी आत्मनिर्भर छैनौं, भएको उत्पादनलाई पनि राम्रोसँग भित्र्याउन नपाउदाँ किसान सधैं चिन्तित बनेको छन् ।

यस्तो समस्या भोग्नु पर्नेको प्रमुख कारण जलवायु परिवर्तन र त्यसका असरलाई मानिन्छ । जलवायु परिवर्तनको प्रभाव नेपालमा निकै बढ्दै गइरहेको छ । यस तर्फ समयमा नै सजकता र प्रभावलाई न्यूनिकरण गर्ने तर्फ ध्यान दिनु जरुरी छ । यदि यसका प्रभावलाई न्यूनिकरण गर्न पहल कदमि नगर्ने हो भने आगामी दिनमा यसका असर विकारल रुपमा बढ्दै नजाला भन्न सकिदैन् । पछिल्लो समय नेपालमा आकस्मिक बाढी, हिमनदी विस्फोट तथा हिम पहिरो, खडेरी, तातो र चिसो लहर र अप्रत्यासित वर्षा, अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टिका कारण मानव जनजीवनमा प्रत्यक्ष रुपमा असर पुऱ्याउदै आएको छ ।

जलवायु परिवर्तनले कृषि उत्पादनमा ह्रास आउने र समयमा वर्षा नहुने, बमौषमी बर्षाले प्रतिकुल असर पार्दै गईरहेको सर्वविदितै छ । आकासे पानीमा निर्भर रहनुपर्ने अबस्थाका कृषकले निकै कष्ट भोग्दै आउनु परेको छ । जसका कारण कुल ग्राहस्थ उत्पादनमा ह्रास भोग्नु परेको छ । जलवायु परिवर्तनले हिमालि भेगमा समेत असर पुऱ्याउदै आएको छ । जसको व्यवस्थापनमा सरकारका तर्फबाट फितलो प्रयासहरुमात्र भएका छन् । भनिन्छ मानो रोपेर मुरी उब्जाउने किसानहरु यति बेला पुर्पुरामा हात राखेर प्रकृतिलाई धिक्कारदै बसिरहेका छन् । बेमौसमी बर्षाले तराईका विभिन्न जिल्लामा कृषि क्षेत्रमा असर पुऱ्याएको छ । तराई भेगमा संगसंगै पहाडी भेगमा समेत क्षति पुगेको छ । विशेष गरी तराईका कृषकका धान बालीमा क्षति पुऱ्याएको छ । कृषिप्रधान मुलुकमा वारम्बार बेमौषमी बर्षाले सताइरहेको हुन्छ । हालै मात्र बेमौषमको बर्षाले पहिरोका घटना मात्र निम्त्यायन गण्डकी प्रदेशका विभिन्न जिल्लामा निकै मानिसको ज्यान समेत लियो । जलवायु परिवर्तनको असर विश्वका निमित्त चुनौति बनेको छ । झन् हाम्रो जस्तो विकान्सोमुक मुलकले यस्ता पिडा भोगिरहँदा सचेत हुन आवश्यक छ ।

मुलुकले चिन्ता गर्नु पर्ने बिषय बनेको छ । हामीले प्रकृतिलाई चुनौति दिन छोड्नु पर्ने हुन्छ । प्रकृतिको नियमलाई मास्दै जाने हो भने झन् विकराल अबस्था सिर्जना नहोला भन्न सकिदैन । पहाडी क्षेत्रमा पहिरो, बेंसी क्षेत्रमा नदी कटान तथा तराई क्षेत्रमा डुबानको समस्या नेपालले हरेक वर्ष झेल्दै आएको छ । जब वर्षा सिजन सुरु हुन्छ तब यस्ता प्राकृतिक प्रकोपका घटना नभएका कुनै दिन हुँदैनन् । मनसुनी वर्षा उच्च तहमा पुगेका बेला यस्ता प्रकोपलाई स्वभाविक मानिएको छ ।

उच्च सतर्कता अपनाउन नसकेकै कारण मनसुनका बेला यस्ता प्रकोपको सामना गर्नुपरेको हो । तर यसपटक भने मनसुन सकिएको करिब एक महिनापछि भएको भारी अविरल वर्षाले ठूलो क्षति पुऱ्याएको हो । यो मौसममा यस्तो भारी वर्षा हुन्छ भन्ने कुरा कसैले सोचेका पनि थिएनन् । मौसम विज्ञान विभागले सतर्कता अपनाउन भनेको थियो, तर सर्वसाधारणले यसलाई गम्भीरतापूर्वक लिन सकेनन् । बडादसैंका बेला यस्तो भीषण वर्षा होला भन्ने धेरैले सोचेको देखिएन । कोरोनाका कारण विगत दुई वटा दसैं मनाउन नपाएकोले पनि यसपटक धेरै मानिसहरू दसैं मनाउन आफ्नो थातथलो गएका थिए । तर हर्षोल्लासका साथ दसैं मनाउने अपेक्षा घनघोर पीडामा परिणत हुन पुग्यो । यतिबेला गाउँका गाउँ शोकमग्न छन् । आफ्ना नगरिकप्रतिको जिम्मेवारी निर्वाह गर्न सरकारसमेत चुकेको देखियो । वर्षातको समयमा बिग्रेका सडकहरू दसैंको पूर्वसन्ध्यामा मर्मत गर्ने पुरानो प्रचलन हो । यसका लागि यातायात व्यवसायीहरूले सरकारलाई घचघच्याएका पनि थिए । तर धरापजस्तै बनेका कच्ची सडकहरू मर्मत गरिएन । जसका कारण वर्षा हुनासाथ ती सडकहरू झन् धराप बने । यसैगरी बडादसैंको अष्टमीदेखि एकादशीको दिनसम्म अविरल वर्षा हुने प्रक्षेपण मौसम विज्ञान विभागले गर्दागर्दै पनि नागरिकहरूलाई सचेत गराउने भूमिका निर्वाह गर्न सरकार चुक्यो । साथै राहत तथा उद्धारका लागि ठाउँठाउँमा विशेष व्यवस्था गर्नुपर्ने आवश्यकता सरकारले ठानेन । डोजरले पाँच मिनेटमा पन्छाउन सकिने सामान्य पहिरोले समेत आठ घण्टासम्म राष्ट्रिय राजमार्गहरू अवरुद्ध बनेको समाचार आए ।

बिस्तारका क्रममा रहेको पृथ्वीराजमार्गको आँबु खैरेनी-पोखरा खण्ड तथा महेन्द्र राजमार्गको गैंडाकोट-बुटबल खण्डले पनि यात्रुलाई निकै सास्ती दियो । मर्मतको कामलाई दसैंको बेला कसरी व्यवस्थापन गर्ने ? भन्ने सोच सरकारमा देखिएन । यसै गरी यसपटकको बाढीपहिरोको प्रकोपप्रति सरकार उदासिन देखिनुको मुख्य कारण चाडवाडको समय पनि हो । मिडियाकर्मीसमेत बडादसैं मनाउन व्यस्त भएका कारण समाचार प्रवाह हुन सकेन । जे जति समाचार प्रवाह भए त्यो पनि पाठक, दर्शक तथा स्रोताकहाँ पुग्न सकेन । सबै व्यस्त भए । उद्धार तथा राहतका लागि सरकारलाई दबाब दिने कोही भएन ।

जिम्मेवार राजनीतिकर्मीहरू उम्मेदवार बन्ने र बनाउने लबिङमा मात्रै केन्द्रित भए । जनताप्रतिको मूल जिम्मेवारी उनीहरूले बिर्से । कर्मचारी संयन्त्र स्वचालित ढंगले परिचालन हुन सकेन । गत वर्षको कात्तिकमा पनि यस्तै बेमौसमी वर्षाले ठूलो धनजनको क्षति गरेको थियो । त्यतिबेलाका पीडितले अझै राहत पाउन सकिरहेका छैनन् । त्यसैले यसपटकका पिडितलाई राहतको माग गर्नु घोक्रो सुकाउनु मात्रै हो भन्ने सन्देश प्रवाह भएको छ । *-साभार: सौर्यअनलाइन*

# विश्व नवप्रवर्तन सूचकांकमा नेपाल



**नरसागर श्रेष्ठ**

संयुक्त राष्ट्र संघको विशिष्टीकृत संस्थाका रूपमा रहेको विश्व बौद्धिक सम्पदा संगठन (विपो) ले सन् २००७ देखि प्रकाशन गर्दै आएको विश्व नवप्रवर्तन सूचकांक-२०२२ गत महिनाको अन्त्यतिर प्रकाशित गरेको छ । यो वर्ष संगठनको यो सोह्रौं प्रकाशन हो । १ सय ३२ वटा देश समावेश भएको यो सूचकांकमा नेपालको सापेक्षिक स्थान १ सय ११ औंमा रहेको छ र सन् २०२१ को तुलनामा नेपाल ६ स्थान तल ओर्लेको छ । यो सूचकांकमा सबैभन्दा बढी अंक प्राप्त गरेर स्विट्जरल्यान्ड पहिलो स्थानमा रहेको छ भने अमेरिका, स्वीडेन, बेलायत र नेदरल्यान्ड क्रमश: दोस्रो, तेस्रो, चौथो र पाँचौं स्थानमा रहन सफल भएका छन् ।

स्विट्जरल्यान्ड लगातार दोस्रो वर्ष पनि पहिलो स्थानमा रहन सफल भएको छ । भारत गत वर्ष ४६ औं स्थानमा रहेकोमा यो वर्ष ६ स्थान माथि उक्ली पहिलो ४० स्थानमा आफ्नो स्थान बनाउन सफल भएको छ र आफूलाई चीन र टर्कीजस्ता देशहरूको पंक्तिमा समावेश गर्न सफल भएको छ । भारतले भियतनामलाई उछिनेको छ भने इरान र उज्वेकिस्तानले भारतलाई पछ्याइरहेको पाइन्छ । अफ्रिकाका यमन, नाइजर र अंगोलाजस्ता देशहरू अझै पनि पुछारमा रहेको पाइन्छ । यो सूचकांकमा सातवटा आधारस्तम्भ राखिएका छन् । बजार संस्करण, व्यवसाय संस्करण, सिर्जनशील उत्पादन, आधारशिलाहरू, ज्ञान र प्राविधिक उत्पादन तथा मानव संसाधन र साधनहरू रहेका छन् । यीमध्ये पाँचवटा सूचकहरूलाई निवेश सूचक र दुईवटा सूचकलाई उत्पादन सूचकांकको नाम लिइएको छ । यी आधारस्तम्भहरूमा उपस्तम्भहरू पनि राखिएका छन् । सबै आधार स्तम्भअन्तर्गत तीन-तीनवटा उपस्तम्भ राखिएका छन् र यी उपस्तम्भअन्तर्गत विभिन्न कार्यहरू राखिएका छन् । यसमा सहभागी देशहरूले यी कार्यहरूमा सम्पन्न गरेका विवरणहरू विपोलाई उपलब्ध गराउनुपर्ने हुन्छ र यस्ता कार्यहरूको संख्या ८० रहेको छ । संस्था नामक सूचकअन्तर्गत सञ्चालन र राजनीतिक स्थायित्व तथा नियामक परिवेश र व्यवसायिक वातावरण मुख्य छन् ।

मानव संसाधन र शिक्षामा अनुसन्धानअन्तर्गत माध्यमिक शिक्षाको स्थिति, उच्च शिक्षाको अवस्था र अनुसन्धान तथा विकासका अवस्थाहरू रहेका छन् । यो आधारअन्तर्गत राज्यले शिक्षामा गरेको खर्च शिक्षक र विद्यार्थीको अनुपात र राज्यले अनुसन्धान र विकासमा गरेका खर्चहरूको लेखाजोखा गर्ने गरिएको छ । आधारशिलाअन्तर्गत सूचना तथा प्रविधिमा पहुँच, यसको प्रयोग, सरकारले ई-मार्फत उपलब्ध गाराएका सेवाहरू र ई-सहभागिता एकातिर राखिएको छ भने अर्कातिर विद्युत्, लजिस्टिक, वातावरणीय दिगोपना र आईएसओ १४००० प्रमाणीकरणजस्ता कार्यहरू राखिएका छन् । यसैगरी बजार सुसंस्करणमा ऋणका सुविधाहरू लगानी र व्यापार विविधीकरण तथा बजारका स्तरहरू राखिएका छन् ।

व्यावसायिक सुसंस्करणमा योग्य कामदारहरू नवप्रवर्तनका अनुबन्धहरू ज्ञान अवशोचक पर्छ र यसैमा आइसिटी सेवा कत्तिको आयात र निर्यात गर्छ भन्ने कुरा पनि पर्छ । साथै, प्रत्यक्ष वैदेशिक लगानीको मात्रा र अनुसन्धान ट्यालेन्टजस्ता कुराहरू पनि पर्छ । ज्ञान र प्राविधिक उत्पादनमा ज्ञानको सिर्जना, ज्ञानको प्रभाव र ज्ञानको डिफ्युजन कत्तिको भएको छ भन्ने कुरा हेरिन्छ । अन्तिम सिर्जनशील उत्पादनमा देशले सिर्जना गरेका अमूर्त सम्पत्तिहरू, सिर्जनशील वस्तु तथा सेवाहरूको उत्पादन र अनलाइन सिर्जनशीलहरू पर्छन् ।

यो प्रतिवेदनमा कुन-कुन देशले उत्पादन सूचक र निवेश सूचकमा राम्रो प्रगति गऱ्यो भन्ने कुरा पनि उल्लेख गरेको पाइन्छ । यसका सातवटा आधारस्तम्भमा बजार सुसंस्करण र व्यवसाय सुसंस्करणबाहेक अरू पाँचवटा सूचकमा नेपालको स्थान १ सय ३२ वटा देशमा



१ सयभन्दा माथि नै रहेको पाइन्छ । बजार सुसंस्करणमा नेपाल १ सय ३२ वटा देशमा ५९ औं स्थानमा र व्यवसाय सुसंस्करणमा नेपाल ९१ औं स्थानमा रहेको देखिन्छ । नेपाल कम मध्यम आय भएका ३६ देशमध्ये नेपालको स्थान २६ औंमा रहेको छ भने मध्य तथा दक्षिण एसियाका १० वटा देशहरूमा नेपालको स्थान सबैभन्दा तल रहेको पाइन्छ ।

यो प्रतिवेदनले देशहरूको सबल र दुर्बल पक्षहरूको पनि विश्लेषण गरेको पाइन्छ । नेपालको १० वटा सबल पक्षहरूमा शिक्षा क्षेत्रमा भएको सरकारी खर्च, कुल गार्हस्थ्य पुँजी निर्माण, निजी क्षेत्रका लागि प्रवाह भएको कर्जा, व्यावसायिक फर्महरूले आफ्ना कामदारहरूलाई दिने तालिम, आयातमा हाई टेक वस्तुको मात्रा, वैज्ञानिक र प्राविधिक विषयमा लेखिएका लेखहरूको प्रकाशन, आइसिटी वस्तुहरूको निर्यात, व्यापारिक मर्काको उत्पत्ति र मोबाइल एपको सिर्जना परेका छन् भने नेपालको कमजोर पक्षहरूमा सरकारको प्रभावकारितामा कमी, माध्यमिक शिक्षामा शिक्षक र विद्यार्थीको अनुपात बढी, उच्च शिक्षा हासिल गरेका मानिहरूको चलायमानता, अनुसन्धान र विकासमा गरिएको खर्च, गुणस्तर विश्वविद्यालयमा सूचीकृत भएका विश्व विद्यालयहरू, औसत भन्सार दरहरू, आइसिटी सेवाको आयात, सफ्टवेयरमा गरेको लगानी, हाई टेक वस्तुहरूको निर्यात र ग्लोबल ब्रान्ड मूल्यजस्ता क्षेत्रहरूमा नेपाल पछाडि परेको देखाइएको छ । नेपालले नवप्रवर्तन निवेशलाई नवप्रवर्तन उत्पादनमा परिणत गर्ने र नवप्रवर्तन र विकासको सम्बन्धमा विपोले तयार गरेका औसत रेखाभन्दा नेपालको कार्य सम्पादन मुनितिर रहेको देखाइएको छ । यो सूचकांकमा सार्क देशहरूमा भुटान र माल्दिभ्स समावेश भएको देखिँदैन । विपोले विकसित, एसिया अफ्रिकाका देशहरूलाई विभिन्न भागमा विभाजन गरेको छ । नेपाललाई कम र मध्यम आय भएका ३६ देशहरूको एक समूह र मध्य र दक्षिण एसियाका १० देशहरूको समूहमा कायम गरेको छ । कम र मध्यम आय भएका देशहरूको सूचीमा नेपाल २६ औं स्थानमा रहेको पाइन्छ भने मध्य र दक्षिण एसियाका १० देशमा नेपाल पुछारमा रहेको पाइन्छ । यसको अर्थ नेपालले नवप्रवर्तनको क्षेत्रमा विकसित देशहरूको तुलनामा मात्र होइन कि आफ्ना छिमेकी देशहरूको तुलनामा पनि धेरै कार्य गर्न बाँकी रहेको देखाउँछ । अर्को पक्ष भनेको नेपालको सन्दर्भमा २१ वटा सूचकहरूको विवरण प्राप्त नभएको र १५ वटा सूचकहरूको विवरण पुरानो रहेका तथ्य पनि प्रतिवेदनले औंल्याएको पाइन्छ ।

आजभोलि विभिन्न विश्वविद्यालय, थिंक ट्यांक तथा संयुक्त राष्ट्रसंघका निकायहरूबाट विभिन्न विषयमा गरिने देशहरूको स्तरीयकरणले एकातिर देशका नीति निर्माताहरूलाई आफ्नो कार्यशैली परिवर्तन गर्ने र नयाँ-नयाँ विषयहरूको नीति बनाउन योगदान गर्छ भने अर्कातिर विदेशी लगानीकर्ताहरू खास गरेर बहुराष्ट्रिय कम्पनीहरूलाई कुन देशमा लगानी गर्ने भन्ने विषयमा पनि सही दिशा निर्देश गरिरहेको हुन्छ । जुन देशले आर्थिक सुधारसहितको आर्थिक वृद्धि हासिल गरेको हुन्छ त्यस्ता देशहरूको यस्तो स्तरीयकरणमा आफ्नो स्थान माथि उक्लिरहेको प्रत्यक्ष रूपमा देख्न सकिन्छ । यसको ज्वलन्त उदाहरणका रूपमा भारतले विश्व बैंकको डुइङ बिजनेस सूचकांक र यो नवप्रवर्तन सूचकांकमा प्राप्त गरेको सफलतालाई लिन सकिन्छ । यसका लागि हामीले पनि बहुक्षेत्रीय समन्वयात्मक ढंगले राजनीतिक स्थिरतासहित अगाडि नबढीकन यस्ता सूचकांकको आधारमा देशको मानप्रतिष्ठा अगाडि बढाउन सक्दैन । -साभार: कारोबार

# 'बाहिरका बाजा बजाएर नेपाली संगीत आधुनिक बन्न सक्दैन भन्नुहुन्थ्यो'



काठमाडौं/ गीतकारसमेत रहेका शताब्दी पुरुष सत्यमोहन जोशी नेपाली संगीतले मौलिकता गुमाउँदै जान थालेकोप्रति चिन्तित थिए । गिटार लगायतका पश्चिमा बाजाभन्दा नेपाली रैथाने बाजाको प्रयोग हुनुपर्ने आवश्यकता उनले देखेका थिए ।

सांगीतिक कार्यक्रमहरुमा समेत जोशीले संगीतले मौलिकता गुमाएकोप्रति चिन्ता जाहेर गर्ने गरेका थिए । संस्कृतिविद्को छायामा जोशीको गीतकारको व्यक्तित्व ओझेलमा परेको देखिन्छ । कमैले उनलाई कुशल गीतकारको रुपमा चिन्छन् । संयोगवस भनौं, संगीतकार सन्तोष श्रेष्ठ जोशीद्वारा लिखित गीतलाई औपचारिक रुपमा रेकर्ड गर्ने पहिलो र अन्तिम संगीतकार बने । जोशी ९९ वर्षको हुँदा श्रेष्ठकै कम्पोजमा 'तेरो मेरो जे भन्छौं हामी, आखिर यहाँ न तेरो न मेरो' बोलको गीत म्युजिक नेपालमा रेकर्ड भएको थियो ।


शिशिर योगीले उक्त गीतमा स्वर दिएका थिए । केही महिनाअघि जोशीले लेखेको र रेकर्ड भइसकेको गीत 'मायारानी'को भिडियो छायांकनको समेत तयारी भएको थियो । तर भिडियो सुटिङ नहुँदै जोशीको निधन भयो र यो काम अधुरै रह्यो । यी दुवै गीतलाई सार्वजनिक गर्ने तयारी छ ।जोशीको गीतमा संगीत भरेका संगीतकार सन्तोष श्रेष्ठले सत्यमोहनको स्मरण यसरी गरे: उहाँका गीतहरु धेरै आउनुपर्ने रहेछ । धेरै मान्छेले उहाँलाई बुझ्न-चिन्न नसकेजस्तो लाग्छ । उहाँको गीति साहित्यबारे परिचय बनाउन नसकेको हो जस्तो लाग्छ । किनभने समग्र नेपाली लोकसंस्कृति र लोकसाहित्यलाई बोकेर राम्रा-राम्रा शब्दहरु उहाँको जीवनकालमै रेकर्ड भएर आउनुपर्थ्यो । उहाँले सुन्न पाउनुपर्थ्यो । धेरै मान्छेको बुझाइ कस्तो रह्यो भने उहाँ लोकसंस्कृतिको खोज अनुसन्धान गर्ने अध्येता मात्र भन्ने बुझाइ भयो । गीति पक्ष ओझेलमा परेको अनुभूति मैले गरें ।

जब मैले उहाँलाई भेटें, उहाँको गीतमा पाइने जीवन्त कुराहरु, जीवन दर्शन निकै गहिराइमा रहेछन् । उहाँले मलाई त्यतिबेला पहिलो गीतको मेलोडी बनाउन भन्नुभएको थियो ।

नेपाली मौलिकता भएको नेपालीपनको कम्पोजिसन हुनुपर्छ भन्नेमा उहाँ सजग हुनुहुन्थ्यो । मैले दुईवटा गीत गरें उहाँसँग । त्यो सुरु पनि भयो र अन्त्य पनि भयो । लोकजीवन र जीवनदर्शनलाई उहाँले असाध्यै गम्भीर ढंगले लेख्नुभएको छ । आधुनिक बन्ने नाममा हामीले हाम्रो निजत्व र मौलिकतालाई बिर्संदै अघि बढेका हुन्छौं । अर्काको कपी गर्नुपर्ने, नेपाली सारंगी, मादल, बाँसुरी बज्यो भने हामी चाहिं गवार हुन्छौं । गिटार र अरु इलेक्ट्रिक बाजाहरु बजाइयो भने आधुनिक र अन्तर्राष्ट्रिय स्तरमा जान सक्छौं भन्ने हाम्रो मानसिकतालाई उहाँले इन्डिकेट गर्नुभएको छ भन्ने लाग्छ ।

उहाँले मलाई बेला-बेलामा भन्नुहुन्थ्यो- नेपालभन्दा बाहिरका बाजाहरु बजाएर हामी आधुनिक बन्ने होइन कि मादल, बाँसुरी, सारंगीजस्ता हाम्रा लोकबाजा जति छन्, त्यसको प्रस्तुतीकरण समयानुसार फरक गर्न सकिन्छ । तर त्यसलाई बिर्सेर जसरी अघि बढ्न खोजिएको छ, त्योप्रति उहाँ असन्तुष्टि जनाउनुभएको थियो । समग्र नेपाली संगीतले मौलिकता बिर्संदै गएकोप्रति उहाँको चिन्ता थियो ।

# कृषिजन्य वस्तु आयातमा प्रतिबन्ध लगाउन विज्ञको सुझाव



काठमाडौं/ नेपालको खाद्य प्रणालीमा सुधार गर्न र खाद्य सम्प्रभुताका लागि विदेशबाट कृषिजन्य खाद्य वस्तु आयातमा प्रतिबन्ध लगाउनु पर्ने सुझाव विज्ञहरुले दिएका छन् ।

पछिल्लो समय विश्वमा नै वातावरणीय प्रभाव तथा अन्य कारणले खाद्य वस्तु उत्पादनमा कमी हुँदै गएको भन्दै विज्ञहरुले विदेशबाट आयात हुने कृषिजन्य वस्तु प्रतिबन्ध गर्नुपर्ने आवश्यकता रहेको बताएका हुन् ।

आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै विज्ञहरुले वातावरणीय प्रभावका कारण खाद्य पदार्थ उत्पादनमा कमी आउँदा विश्वमा नै खाद्य संकट आउन थालेको बताए । कृषि विज्ञहरुले वातावरणीय प्रभावलाई सन्तुलनमा राखेर खाद्य वस्तुको उत्पादन र उत्पादकत्व बढाउन आवश्यक रहेको पनि बताए ।

नेपालमा खाद्य प्रणालीमा सुधार ल्याउन कृषि क्षेत्रमा लगानीवृद्धि र सरकारले कृषि क्षेत्रलाई व्यवस्थित बनाउने गरी प्रोत्साहन नीति बनाउनुपर्ने विज्ञहरुको सुझाव छ । उनीहरुले कृषि उत्पादनमा ठूलो सम्भवना हुँदासमेत कृषिजन्य सामग्री विदेशबाट आयात भइरहेकोप्रति दु:ख प्रकट गरे ।

अब नेपाली रैथाने कृषि उत्पादनलाई प्राथमिकतामा राखेर सबै नेपालीले आयातित कृषिजन्य वस्तु प्रयोगमा प्रतिवन्ध लगाए मात्रै खाद्य प्रणालीमा सुधार र खाद्य सम्प्रभुता हुने उनीहरु बताउँछन् ।

४२ औं विश्व खाद्य दिवसको अवसरमा अखिल नेपाल किसान महासंघको आयोजनामा आयोजित नेपालको खाद्य प्रणाली र खाद्य सम्प्रभुता विषयक अन्तरक्रियामा बोल्दै कृषि विभागका उपहानिर्देशक डा. हरिबहादुर केसीले नेपालको कृषि क्षेत्रमा सरकार र निजी क्षेत्रको कृषि अनुसन्धान, जनशक्ति र लगानीको कमी रहेको बताए ।

डा. केसीले पछिल्लो समय कृषि क्षेत्रमा विकास भएका नयाँ प्रविधिहरुले नेपाली रैथाने प्रविधिलाई विस्थापित बनाएको पनि बताए । नेपाली रैथाने प्रविधिलाई नयाँ प्रविधिमा विकास गर्न सकेमा कृषि क्षेत्रमा वैदेशीक रुपमा प्रतिस्पर्धा बढाउन सकिने अवस्था आउने उनको भनाइ थियो ।

उनले नेपाली किसानले उत्पादन गरेको वस्तुलाई बजारमा प्राथमिकता दिएर विदेशबाट कृषिजन्य वस्तुलाई प्रतिबन्ध गर्न आवश्यक रहेको बताए । डा. केसीले नेपालीहरुले नै नेपाली उत्पादनलाई प्राथमिकता दिन नसके नेपाली उत्पादनले बजार पाउन नसक्ने बताए ।

नेपाली खाद्य सामग्रीलाई उपभोगयोग्य बनाउनुपर्ने आवश्यकता रहेको डा. केसीको भनाइ थियो । नेपालले पछिल्लो केही वर्षमा कृषि उत्पादन बढेको भएपनि कृषिजन्य वस्तुमा आयात बढ्दै गएको उनले बताए । उनले पछिल्लो १० वर्षमा किसानले पाउने बजार मूल्यमा परिर्वतन हुन नसक्दा कृषिजन्य वस्तुमा उत्पादक किसान र क्रेता-विक्रेताबीचको मूल्यमा धेरै अन्तर रहेको दाबी गरे । उनले नेपालमा भोकमरीको समस्यामा सुधार भएकाले आयात बढ्न गएको पनि बताए ।

कार्यक्रममा अखिल नेपाल किसान महासंघका अध्यक्ष डा. प्रेम दंगालले खाद्य प्रणालीमा सुधार ल्याउन सरकारले खाद्य नियमावली ल्याएर राष्ट्रिय खाद्य संप्रभुता परिषद् बनाउनुपर्ने माग गरे । उनले राष्ट्रिय खाद्य सम्प्रभुता परिषद् बनाउँदा स्थायी प्रकृतिको अधिकार सम्पन्न भएमात्रै नागरिकहरु खाद्य अधिकारको पहुँचमा पुग्ने बताए ।

मानव अधिकार एलान्सका महासचिव विदुर सुवेदीले नेपालमा कृषि शिक्षाको अभाव रहेको बताए । उनले कृषि सम्बन्धी शिक्षा कमजोर हुँदै गएको अवस्थामा पनि कृषकहरु समेत विदेश जाने क्रम बढिरहेको भन्दै चिन्ता व्यक्त गरे । सुवेदीले विकासित मुलुकहरुले हरित ग्यास उत्पादन गरेको कारण खाद्य संकट आउन थालेको बताए ।

-साभार: अनलाइनखबर

# दयाहाङ र सौगातको 'फिल्म२ नम्बरी'ले कमायो ४ करोड ५० लाख



दयाहाङ राई र सौगात मल्ल अभिनीत फिल्म '२ नम्बरी'ले बक्स अफिसमा उत्साहजनक व्यापार गरिरहेको छ । निर्माता किरण नेपालीका अनुसार फिल्मले एक सातामा ४ करोड ५० लाख कमाइ गरेको छ । यो गत बिहीबारसम्मको व्यापार हो ।


'फिल्मले एक सातामा ५ करोड कमाउने आशा थियो । तर बक्स अफिस कलेक्सन हेर्दा ४ करोड ५० लाख देखिएको छ । यसमा केही तलमाथि हुन सक्छ,' उनले भने ।

फिल्मले काठमाडौंमा २ करोड २० लाख, चितवनमा ५० लाख, पोखरामा ३० लाख, बुटवलमा २३ लाख, इटहरीमा २२ लाख, नेपालगन्जमा १५ लाख, दमकमा १५ लाख र बिर्तामोडमा १४ लाख, विराटनगरमा १२ लाख, हेटौडामा १० लाख, धनगढीमा १० लाख, धरानमा ५ लाख, सुर्खेतमा ४ लाख र अन्य विभिन्न ठाउँबाट फिल्मले २० लाख कमाएको छ ।

फिल्मले दोस्रो साता पनि उत्कृष्ट प्रदर्शन गरिरहेको निर्माता नेपालीले बताए । 'यो फिल्मले पहिलो साताभन्दा दोस्रो साता दर्शकको राम्रो साथ पाइरहेको छ । यो साता अझै राम्रो कमाइ गर्छ भन्ने आशा छ,' उनले भने । यो फिल्मलाई दर्शकले मिश्रित प्रतिक्रिया दिइरहेका छन् ।

दीपेन्द्र लामाको लेखन तथा निर्देशन रहेको फिल्ममा सौगात, दयाहाङ, उपासन र उगेनसँगै बुद्धि तामाङ, पुष्कर गुरुङ, शारदा गिरी, कविता आले, प्रकाश घिमिरे, सुष्मा निरौला, श्रेयांश पौडेल, विश्वास गुरुङ, डिबी गुरुङ, राजु थापामगर, सागर शाह ठकुरी, सतिश सिंह खत्री, गणेश बस्याल, राजकुमार राईलगायत कलाकारको अभिनय छ । फिल्ममा दुई साथीको मित्रतालाई देखाइएको छ । दीपक मनाङे, अमलादेवी राई र जयस श्रेष्ठको लगानीमा बनेको फिल्मलाई किरण नेपालीले प्रस्तुत गरेका हुन् ।

# डडेल्धुरामा एकीकृत समाजवादीले देउवालाई भोट नदिने



सत्तारूढ गठबन्धनमा रहेको नेकपा (एकीकृत समाजवादी) ले डडेल्धुरामा नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवालाई भोट नहाल्ने भएको छ ।

डडेल्धुराबाट प्रतिनिधि सभा सदस्यका लागि उठेका देउवाको साटो एकीकृत समाजवादीले कांग्रेस (बिपी) का उम्मेदवार कर्ण मल्ललाई सघाउने भएको हो । कांग्रेसले आफूहरूलाई प्रदेश सभामा उठ्न नदिएपछि यस्तो निर्णय लिइएको एकीकृत समाजवादीका डडेल्धुराका अध्यक्ष कविन्द्र बिष्टले बताए ।

'हामीले प्रदेश सभाको एउटा सिट माग गरेका थियौं । एउटा सिट माओवादीलाई दिएर अर्कोमा कांग्रेस नै उठ्यो । पार्टी जोगाउनुपर्ने भएपछि हामीले कांग्रेसलाई समर्थन नगर्ने भएका हौं,' बिष्टले भने ।

गठबन्धनविरूद्ध नउभिन एकीकृत समाजवादीका केन्द्रीय अध्यक्ष माधवकुमार नेपालले आग्रह गरे पनि बाध्यात्मक परिस्थितिका कारण देउवालाई समर्थन गर्न नसकिने जानकारी गराएको बिष्टले बताए । एकीकृत समाजवादीले प्रतिनिधि सभामा मल्ललाई सघाउने र प्रदेशमा कांग्रेस (बिपी)ले एकीकृत समाजवादीका उम्मेदवारलाई सघाउने विषयमा दुई दलबीच लिखित सहमति नै भएको छ । यसअघि मल्ललाई नेकपा (एमाले) ले समर्थन गर्ने जनाएको थियो । मल्ललाई सघाउन एमालेले डडेल्धुरामा आफ्नो उम्मेदवार नै उठाएको छैन । शुक्रबार मात्रै एमाले जिल्ला कमिटीले मल्ललाई समर्थन नगर्ने निर्णय गरेको छ ।

गत स्थानीय चुनावमको मतपरिणामअनुसार डडेल्धुरामा कांग्रेसका वडाध्यक्षहरूको मत २१ हजार ७३५ रहेको छ भने माओवादी केन्द्रको मत १२ हजार ८७८ र एकीकृत समाजवादीको ५ हजार ४१ रहेको छ । यस्तै कांग्रेस (विपी) को मत ३ हजार ६०४ रहेको छ । एकीकृत समाजवादीले प्रदेश सभा (क) मा तारा जोशीलाई उम्मेदवार बनाएको छ ।


# देशैभर प्याराग्लाइडिङ उडानमा प्रतिबन्ध

काठमाडौं/ सरकारले देशैभर प्याराग्लाइडिङ उडान अनिश्चितकालका लागि बन्द गरेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले अर्को व्यवस्था नभएसम्म देशैभर सबै प्रकारका प्याराग्लाइडिङ उडान बन्द गर्ने निर्णय गरेको प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिए ।

'अर्को व्यवस्था नभएसम्म देशभर मनोरञ्जनात्मक, व्यावसायिक र खेलकुदजन्य सबै प्रकारका प्याराग्लाइडिङ उडान बन्द गर्ने निर्णय भएको छ,' उनले भने, 'अब हामी उडान सुरक्षाबारे सुक्ष्म अध्ययन गर्दैछौं ।' आइतबारमात्र पोखराको सराङकोटमा राष्ट्रिय खेलकुदका दौरान प्याराग्लाइडिङ दुर्घटना भएको छ । सो क्रममा एक जना खेलाडीको मृत्यु भएको छ । यससँगै प्राधिकरणले देशैभर प्याराग्लाइडिङ उडान बन्द गर्ने निर्णय प्राधिकरणले गरेको हो ।

निरौलाका अनुसार अब उडानको सुरक्षा, ऐन नियम र प्रावधानहरुबारे समेत प्राधिकरणले अध्ययन गर्ने भएको छ । सोहीकारण तत्कालका लागि सबै उडान बन्द गर्ने निर्णय भएको उनले जानकारी दिए । प्याराग्लाइडिङ विकास र विस्तार हुँदै जाँदा त्यसको सुरक्षा सम्बन्धी सवाल पनि पेचिलो बनेको छ ।

# 'लोकतन्त्र र संविधान जोगाउन गठबन्धन'



तनहुँ/ नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले लोकतन्त्र र संविधान जोगाउन गठबन्धन गरिएको बताएका छन् ।

जिल्लाको भानु नगरपालिका-६ स्थित सिम्पानीमा आइतबार आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा उनले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै देशमा सुशासन कायम गर्न आवश्यकता देखिएकोले गठबन्धन गरी देशलाई निकास दिन लागेको बताए ।

'मैले ल्याएका केही विकासका योजना अधूरा छन्', उनले भने, 'अधूरा काम पूरा गर्ने इच्छा रहेकाले तपाईंहरूको घर दैलोमा भोट दिनु भन्न आएको हुँ ।'

सहिदका बलिदानबाट प्राप्त भएका जनता अधिकारलाई कुण्ठित गर्ने प्रपञ्च रचिएको हुँदा त्यसको रक्षाको लागि खबरदारी गर्न गठबन्धन गरी अघि बढेको उनको भनाइ थियो । गाउँका युवा शक्तिलाई विदेशिनबाट रोक्नका लागि स्वदेशमा बसेर रोजगारी गर्ने अवसर दिने मुख्य लक्ष्य रहेको नेता पौडेलले बताए ।

गठबन्धनका प्रदेशसभा सदस्यका उम्मेदवार एवं नेकपा (माओवादी केन्द्र) का पोलिटब्यूरो सदस्य हरिबहादुर चुमानले गठबन्धन जनताले महसुस हुने गरी विकास निर्माणका काम गर्ने एजेण्डासहित मतदाताको घरदैलोमा आएको बताए ।

देशमा सुशासन कायम गर्न सकिए मात्रै प्रजातन्त्रको स्थायित्व र भ्रष्टाचारलाई निरुत्साहित गर्न सकिने उनको भनाइ थियो ।

कांग्रेस एक्लैले दुई तिहाइको बहुमत ल्याउन नसक्ने हुँदा देशको विकासमा काँचुली फेर्न गठबन्धन गरेर अघि बढ्न आवश्यक देखिएकाले सँगै हातेमालो गर्दै अघि बढेको नेता चुमानले बताए ।

गठबन्धनका उम्मेदवारहरूले कार्यकर्ता भेटघाट कार्यक्रमको तालिका बनाएर शुक्रबारदेखि तनहुँ क्षेत्र नं १ अन्तर्गतका विभिन्न पालिकाका वडा वडामा पुगेर घरदैलो कार्यक्रमलाई तीव्रता दिन थालेका छन् । -खबरहबबाट

# १० हजार मिटरमा स्वर्ण जित्ने को हुन् दीपक ?



पोखरा/ नवौं राष्ट्रिय खेलकुदअन्तर्गत पुरुष १० हजार मिटर दौडमा नयाँ राष्ट्रिय कीर्तिमानसहित स्वर्ण जित्नु त्रिभुवन आर्मी क्लबका दीपक अधिकारीका लागि करिअरको ठूलो कोशेढुंगा रह्यो ।

पोखरा रंगशालामा आइतबार बिहान सम्पन्न यो स्पर्धामा दीपकले एपीएफका भेट्रान गोपीचन्द्र पार्कीलाई पछि पार्दै नयाँ राष्ट्रिय कीर्तिमानसहित स्वर्ण जिते । सन् २०१४ को इञ्चोन एसियाली खेलकुदमा गोपीले कायम गरेको ३० मिनेट ३०.९९ सेकेण्डको कीर्तिमान आफ्नो नाममा सार्ने क्रममा दीपकले ३० मिनेट १०.३० सेकेण्डमा दूरी पूरा गरे ।

झण्डै २८ सेकेण्डले पछि परेका गोपीले ३० मिनेट ३८.३० सेकेण्डमा दूरी पूरा गरे । आर्मीकै गजेन्द्र राईले कांस्य जित्ने क्रममा ३० मिनेट ४९.५० सेकेण्डको समय निकाले । सन् २०१९ मा नेपालमै भएको १३ औं दक्षिण एसियाली खेलकुदमा राष्ट्रिय टिममा परेका दीपकले १० हजार मिटर दौडमा कांस्य जितेका थिए । सो स्पर्धामा गोपीले स्वर्ण जितेका थिए । राष्ट्रिय प्रतियोगिता नखेली अन्तर्राष्ट्रिय टिममा पुगेका दीपकले तीन वर्षपछि राष्ट्रियस्तरमा पनि आफू अब्बल रहेको प्रमाणित गरेका छन् ।

राष्ट्रिय खेलकुदमा म पहिलोपल्ट सहभागी भएको हुँ । गोपी दाइसँग खेल्नुपर्दा डर लागिरहेको थियो,' दीपकलेभने, 'प्रशिक्षणको टाइमिङअनुसार जित्न सक्छु भन्नेमा आशा राखेकोथिएँ, दीपक्ले कीर्तिमानको प्रयास सफल भएकोमा खुसी व्यक्त गरे । २०७१ सालमा नेपाली सेनामा भर्ती हुनुअघि दीपकलाई दौडमात्र होइन खेलकुदबारे नै केहि जानकारी थिएन । यतिसम्म कि उनलाई नेपाली सेनाले खेलकुद क्लब बनाएर राष्ट्रिय प्रतियोगिता खेल्छ भनेर पनि थाहा थिएन ।

२०७२ मा तालिम सकिएपछि छाउनीस्थित जगदल गणमा पोष्टिङ पाएका दीपकले आर्मीको आन्तरिक खेलकुद प्रतियोगिता प्रधानसेनापति ट्रफीमा सहभागिताको अवसर पाए । १५ सय मिटर दौडमा पदक जित्न नसके पनि कीर्तिमानी धावक राजेन्द्र भण्डारीले उनको क्षमता पहिचान गरे र भित्रुवन आर्मी क्लबमा ल्याए । प्रशिक्षण सुरु गरे पनि दीपकले राष्ट्रिय खेलकुदमा सहभागिता जनाउन पाएका थिएनन् । आर्मीमा प्रतिस्पर्धा धेरै हुँदा उनी पछि परेका थिए । तर, उपयुक्त अवसरको पर्खाइमा थिए ।

२०७६ मा तत्कालीन प्रदेश ५ मा भएको आठौं राष्ट्रिय खेलकुदमा सहभागी हुन नपाएका उनले सोही वर्ष प्रधानसेनापति ट्रफीमा ५ हजार र १० हजार मिटर दौडमा स्वर्ण जितेपछि राष्ट्रिय टिमसम्मको यात्राका लागि सहज भएको थियो ।

मैले खेलकुदमा यहाँसम्मको यात्रा गर्न सक्नुमा राजेन्द्र सरको सबैधन्दा ठूलो भूमिका छ । उहाँले नै मलाई क्लबमा ल्याएर प्रशिक्षण गराउनुभयोर यत्तिको लायक बनाउनुभयो,' दीपकले आफ्नो सफलताको सम्पूर्ण श्रेय अवकासप्राप्त क्याप्टेन भण्डारीलाई दिए । राष्ट्रिय प्रतियोगिताको पहिलो सहभागितामै स्वर्ण जितेका दीपकले एउटा स्पर्धामा सहभागी भएका हुन् । भविष्यमा म्याराथनका लागि पनि प्रयास गर्ने उनले बताएका छन् ।

# प्रत्यक्षतर्फ ४४ लाख मतपत्र छपाइ




काठमाडौं/ निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित प्रणाली (प्रत्यक्ष) तर्फ हालसम्म ४४ लाख २१ हजार मतपत्रको छपाइ सकेको छ । छपाइ भएकामध्ये प्रदेशसभा सदस्य निर्वाचनका लागि २१ लाख ३८ हजार र प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि २२ लाख ५६ हजार मतपत्र रहेका छन् ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्रको छपाइ यसअघि नै सकिएको छ । हाल जिल्ला जिल्लामा समानुपातिकतर्फको मतपत्र ढुवानी भइरहेको छ । आजसम्म ओखलढुंगा, सोलुखुम्बु, खोटाङ, भोजपुर, संखुवासभा, धनकुटा, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सिराहा, सप्तरी, धनुषा, महोत्तरी, नुवाकोट, रसुवा, धादिङ, चितवन, मकवानपुर, बारा, पर्सा, रौतहट, सर्लाही, सिन्धुलीसहित २८ जिल्लामा समानुपातिकतर्फको मतपत्र ढुवानी भइसकेको छ ।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रदेशसभातर्फ दुई करोड एक लाख ८४ हजार तथा प्रतिनिधिसभातर्फ दुई करोड चार लाख मतपत्र छापिएको छ । आयोगले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा उच्च सुरक्षासहित मतपत्र छपाइ भइरहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# गठबन्धनको जीत आवश्यकः बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ नेपाली कांग्रेसका बागमती प्रदेश सभापति तथा सत्तारुढ गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर २ को (ख)बाट प्रदेशसभा सदस्य पदका उम्मेदवार इन्द्रबहादुर बानियाँले संविधान र व्यवस्थाको रक्षाका लागि सत्ता गठबन्धनले जित्नुपर्ने बताएका छन् ।

कांग्रेस मनहरी गाउँपालिका-६, सुनाचुरीमा आयोजित वडास्तरीय भेला तथा चुनावी छलफल कार्यक्रममा उम्मेदवार बानियाँले कांग्रेस संधै दिनदु:खीको सेवामा हरतरहले लागिरहेको बताए । उनले यस क्षेत्रमा कांग्रेसले अघिल्लो प्रदेशसभामा जितेपछि धेरै विकास निर्माणका कार्य गरिएको बताए ।

अगुवा कार्यकर्ताहरुको गुनासा र सुझाव सुन्दै नेता बानियाँले प्रदेश सरकारमा साँढे ३ वर्ष केपी ओली निकट कम्युनिष्ट शासनकालमा केही गर्न नसकेको बताउँदै विगत डेढ वर्षदेखि कांग्रेस मन्त्री मण्डलमा प्रवेश गरेपछि करोडौंको विकास बजेट यस क्षेत्रमा पार्न सफल भएकाले सत्ता गठबन्धनलाई जिताउँदा मतको अवमूल्यन नहुने दाबी गरे ।

कांग्रेस मनहरी-६ का वडा सभापति बाबुराम तितुङ्को सभाध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस मकवानपुर जिल्ला सचिव भीमसेन महत, कांग्रेस मकवानपुर क्षेत्र नम्बर २ (ख)का प्रदेश सभापति तथा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, कांग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौला, महाधिवेशन प्रतिनिधि शंकर न्यौपाने, मनहरी-६ का वडा अध्यक्ष युवराज थपलिया, पुराना तथा अग्रज नेता कुलबहादुर नगरकोटीले सत्ता गठबन्धनको आगामी चुनाव केन्द्रित विषयमा आ-आफ्नो धारणा राखेका थिए ।

## 'मकवानपुरमा गठबन्धनका सबै दलबाट उम्मेदवार छन्'

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ नेकपा माओवादी केन्द्रकी पोलिटब्यूरो सदस्य तथा मकवानपुरको प्रदेशसभा २ को (क)की उम्मेदवार कुमारी मोक्तानले जिल्लामा गठबन्धनका सबै दलको तर्फबाट उम्मेदवार रहेको बताएकी छन् ।

बागमती प्रदेशकी सामाजिक विकास मन्त्रीसमेत रहेकी मोक्तानले मकवानपुरको सबै क्षेत्रमा ५ वटै दलको उम्मेदवार भएको बताएकी हुन् । गठबन्धन दलको संयुक्त सम्पर्क कार्यालय उद्घाटन गर्दै उनले सबै दलबाट उम्मेदवार भएकोले गठबन्धनका सबै उम्मेदवारलाई मत दिन आग्रह गरिन् । मोक्तानको भनाईले क्षेत्र अनुसार गठबन्धन दलको भागबण्डाले उम्मेदवार उठेकाले सबै गठबन्धनकै उम्मेदवार भएको भन्दै मत मागेकी हुन् ।

५ वटै दलहरुकोतर्फबाट उम्मेदवार बनेको कारण आफुहरु संयुक्त उम्मेदवार भएकोले कुनै क्षेत्रमा कुनै दलको उम्मेदवार हुनु/नहुनु भन्दापनि सबै क्षेत्रमा संयुक्त उम्मेदवार भएकोले ५ वटै दलको सबै क्षेत्रमा उम्मेदवार भएको बताइन् ।

मोक्तान २०७४ सालको निर्वाचनमा प्रदेश २ को (क)बाट निर्वाचित भएकी थिइन् । उनको जितमा तत्कालीन बामगठबन्धनका कारण नेकपा एमालेले समर्थन गरेको थियो । मंसिर ४ गतेको चुनावपछि बन्ने गठबन्धनको सरकारमा आफ्नो दलको उपस्थिति सम्झेर पनि मत हाल्नको लागि मोक्तानले अनुरोध गरिन् ।

रगतसँग साँटेर ल्याएको व्यवस्थाको कारण परिवर्तन सम्भव भएको उनको भनाइ छ । व्यवस्था परिवर्तन भएको तर अव अवस्था परिवर्तनमा आफू लागिपर्ने उनले बताएकी छन् ।

सामाजिक विभेदको अन्त्य गर्दै जनताको लागि जनताले नै संविधान बनाएको र अब यही संबिधानको रक्षाको लागि गठबन्धनको आवश्यक्ता रहेकोले गठबन्धन भएको मन्त्री मोक्तानले जनाएकी छन् ।

# प्रचार कार्यालय र सञ्चार डेस्क स्थापना

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मकवानपुरमा नेकपा एमालेले प्रचार कार्यालय स्थापना गरेको छ ।

जिल्लाका दुई प्रतिनिधिसभा उम्मेदवार र ४ वटा प्रदेशसभा उम्मेदवारको निर्वाचन गतिविधि प्रचार गर्न र आवश्क सहयोग तथा समन्वयका लागि प्रचार कार्यालय पार्टी कार्यालयमा खोलिएको छ । प्रचार कार्यालयसँगै नेकपा एमाले निकट प्रेस चौतारीले पनि सञ्चार डेस्क स्थापना गरेको छ ।

केन्द्रीय सर्कुलरअनुसार प्रेस चौतारी नेपाल जिल्ला कमिटी मकवानपुरको सञ्चार डेस्क हेटौंडामा स्थापना गरिएको छ । एमाले निर्वाचन परिचालन समन्वय कार्यालय प्रचार उप-समितिको कार्यालय मकवानपुरको स्थापना गरेर काम सुरु गरिएको एमाले जिल्ला सचिव नवीन सिग्देलले जानकारी दिए । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गरेर कार्यालय स्थापना गरिएको छ । दुवै कार्यालयको नेकपा एमालेको बागमती प्रदेश कमिटीका सदस्य तथा एमाले निर्वाचन परिचालन कमिटी मकवानपुरका संयोजक अनन्त पौडेलले उद्घाटन गरे ।

उनले दुवै कार्यालयबाट एमालेका प्रतिनिधिसभा र प्रदेशसभाका ६ जना उम्मेदवारलाई जिताउनका लागि प्रचारप्रसारको कामलाई तीव्रता दिनुपर्ने बताए । एमालेको नेतृत्वमा संघ, प्रदेश र स्थानीय तहको सरकार रहँदा धेरै राम्रा काम भएको उनको दाबी छ ।

कार्यक्रममा नेकपा एमाले मकवानपुरका सचिवालय सदस्य तथा प्रचार विभागका प्रमुख धुर्व प्रसाद चौलागाईं, प्रेस चौतारीका केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज हरि हुमागाईं, प्रेस चौतारी बागमती प्रदेशका महासचिव प्रकाश दाहालगायतकाको आतिथ्यता थियो ।

# हेटौंडाका दुई प्रहरी चौकी देशकै उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ हेटौंडा उपमहानगरपालिकाभित्र रहेका दुई वटा प्रहरी चौकी देशमै उत्कृष्ट प्रहरी चौकीका रुपमा घोषित भएको छ ।

हेटौंडा उपमहानगरपलिका-६, स्थित प्रहरी चौकी चौघडा र रातोमाटेमा रहेको रातोमाटे प्रहरी चौकी देशकै प्रहरी कार्यालयहरु मध्ये उत्कृष्ट प्रहरी चौकी बनेको हो । भारतसहित तराईका जिल्लाबाट देशको पश्चिम र उत्तर क्षेत्र प्रवेशका लागि नाका रहेको रातोमाटेस्थित प्रहरी चौकी उत्कृष्ट बनेको हो । रातोमाटे चौकीबाट लागूऔषध ओसारपसारमा संलग्नहरु धेरै पक्राउ पर्ने गरेका छन् ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत् पर्ने उक्त नाकाबाट लागूऔषध आवतजावत धेरै हुने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । हेटौंडा काठमाडौं जोड्ने कान्तिलोकपथसँग जोडिएको प्रहरी चौकी चौघडाले समुदायसँगको समन्वयमा उत्कृष्ट कार्य गर्दै आइरहेको छ । सात प्रदेश र एक उपत्यका मध्येबाट आन्तरिक प्रतिस्प्रर्धामा मकवानपुरका यी दुई चौकीले पुलिस ब्याटन पाउन सफल भएका हुन । देशैभरका चौकीहरु मध्ये उत्कृष्ट आन्तरिक कार्यसम्पादन, व्यवस्थापनमा यी चौकीहरु उत्कृष्ट हुन सफल भएको मकवानपुरका प्रहरी प्रमुख बामदेव गौतमले जानकारी दिए । उत्कृष्ट भएको प्रहरी चौकी चौघडा र रातोमाटेलाई सोमबार ६७ औं प्रहरी दिवसका अवसरमा काठमाडौंमा आयोजित एक कार्यक्रममा पुरस्कार प्रदान गर्ने प्रमुख गौतमले बताए ।

प्रहरी चौकी चौघडाका प्रहरी नायव निरीक्षक रामशरण दुलालले खुशी व्यक्त गरे । उनले यसबाट अझ राम्रो काम गर्न ऊर्जा र हौसला मिलेको बताए ।

# सहजीकरण गर्न आयोगको निर्देशन




काठमाडौं/ निर्वाचन आयोगले यही असोज २३ गतेभन्दा अगाडि कुनै सरकारी निकायमा रहेका पदाधिकारी र कर्मचारीले राजीनामा दिएको भए सोही मितिबाट स्वीकृत गरिदिन सम्बन्धित सबै निकायलाई आग्रह गरेको छ ।

आयोगले आसन्न प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनका लागि उम्मेदवारहरूको सहजीकरणका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, कुनै सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था वा नेपाल सरकारको अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको कुनै पदाधिकारी वा कर्मचारीले राजीनामा पेस गरेको भएमा त्यस्तो राजीनामा पेस गरेकै मितिबाट लागू हुने गरी स्वीकृत गर्न आयोगले सम्बद्ध सबै निकायलाई निर्देशन दिएको छ ।

साथै आयोगले निर्देशन कार्यान्वयनका लागि सहजीकरण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाउने निर्णय गरेको प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

# बागेश्वरी साकोसको २५ करोड बढी कारोबार

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ हेटौंडाका उत्कृष्ट सहकारीमा पर्ने बागेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, हेटौंडा-११ को १४ औं वार्षिक साधारणसभा भएको छ ।

सहकारीले गत आर्थिक वर्ष २०७८/०७९ मा २५ करोड ३२ लाख ४५ हजार ९ सय ३६ रुपैयाँको वार्षिक कारोबार गर्न सफल भएको जनाइएको छ । सहकारीमा २ करोड ६९ लाख ५१ हजार पाँच सय शेयर पुजीं रहेको छ ।

आफ्ना शेयर सदस्यलाई २० करोड २४ लाख ८९ हजार ८४८ रुपैयाँ कर्जा लगानी गरेको सहकारीले जानकारी दिएको छ । संस्थामा बचत निक्षेप १८ करोड ४६ लाख ८३ हजार ५ सय ३६ रहेको छ । सहकारीमा जगेडा कोष भने १ करोड १३ लाख ७६ हजार ८ सय ६६ रुपैयाँ छ ।

सहकारीकी अध्यक्ष आशा कुमारी अधिकारीको सभाध्यक्षता तथा जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो ।

सहकारीले साधारणसभामा नियमित बचततर्फ कमला गिरी, सञ्चमाया बल, कान्ता धिताल, खुत्रुके बचततर्फ रिता शिवाकोटी, मिना सापकोटा, सञ्चमाया बल, रेनुका थापा क्षेत्री, असल ऋणीतर्फ गंगा सुनुवार, रेनुका थापा क्षेत्री, पार्वती बानियाँ, असल व्यवसायीतर्फ



पुतली सेती सिलाल र गंगा कुमारी तामाङलाई पुरस्कृत गरेको सहकारीकी प्रमुख कार्यकारी अधिकृत शर्मिला श्रेष्ठले जानकारी दिइन् ।

जीवन साहारातर्फ सविना पुडासैनी, चिनीमाया श्रेष्ठ, शिक्षा बचततर्फ उषा बर्तौला, सतिदेवी कंडेल, उत्कृष्ट शेयर तर्फ रिता शिवाकोटी, विष्णुमाया श्रेष्ठ, उत्कृष्ट गहना बचततर्फ लालीमाया तितुङ, सोविता कुमारी अधिकारी र पानसमा बत्ति बाल्ने सदस्य सुनिता शिवाकोटीलाई पुरस्कृत गरिएको थियो । सबै पुरस्कार गोलाप्रथाको माध्यमबाट पुरस्कृत गरिएको हो । सभामा ११ वटा टोल विकास संस्था र ३५ जना जेष्ठ शेयरलाई सम्मान गरिएको थियो ।

सभामा वडा नम्बर ११ का अध्यक्ष जुना दाहाल, हेटौंडा उपमहानगरका सहकारी शाखा प्रमुख हिम प्रसाद पौडेल, जिल्ला बचत संघका अध्यक्ष कल्पना श्रेष्ठलगायतको आतिथ्यता थियो ।


# VACANCY

**Sancho Hospital Pvt. Ltd.** a well reputed hospital in hetauda is looking for candidates for the following posts:

| | |
|---|---|
| Medical officer (few) | B Pharm (1) |
| Staff Nurse (few) | CMA / ANM (few) |
| Pharmacy Assistant (few) | |

Candidates should have the following requirements:

- Attractive Personality
- Result oriented and Hardworking
- Can work on high pressure environment
- Sound skill on IT, Fluent in English & Nepali written and Spoken
- Having Sound Knowledge in related field with minimum one year experience
- Must have the registered liscense in their related fields.

Preference will be given to those candidates having experience in Medical Field...

Interested candidates are required to send their applications by an updated profile/CV indicating respective vacancies to hospital.sancho@gmail.com within three working days.

Hetauda-1, BhintunaPath, Makwanpur
057-590175, 057-590176
**Sancho Hospital Pvt. Ltd.**

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.







## दिव्य तारा बहुउद्देश्यीय सहकारी संस्था लि.

DIVYA TARA MULTIPURPOSE CO-OPRETIVE SOCIETY LTD.
हेटौडा-२, पल्पसा रोड, मकवानपुर

## बार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको मिति २०६९।०६।२६ गते बसेको संचालक समितिको बैठकको निर्णयबमोजिम २४ औ वार्षिक साधारणसभा तपशिलका विषयहरुमा छलफल गर्न निम्नानुसार मिति, समय र स्थानमा संचालन गरिने भएकोले यहाँको अनिवार्य उपस्थितिको लागी हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू:**

१. संस्थापक अध्यक्ष ज्युको सम्वोधन ।
२. संचालक समितिको तर्फबाट अध्यक्ष ज्युबाट वार्षिक प्रतिवेदन तथा भावी कार्ययोजना प्रस्तुत ।
३. कोषाध्यक्षबाट २०७८/२०७९ को लेखा परिक्षकबाट तयार पारेको वित्तीय विवरणसहित ऋण समितिको प्रतिवेदन प्रस्तुत ।
४. आन्तरीक लेखा सुपरिवेक्षण समितिको तर्फबाट तयार पारिएको शुसासन सम्बन्धी प्रतिवेदन ।
५. आ.व. २०७९/०८० को लागी लेखा परिक्षक नियुक्ती तथा पारिश्रमिक निर्धारण सम्वन्धमा ।
६. सदस्य सेवा केन्द्र भवन निर्माण सम्वन्धमा ।
७. आन्तरीक वित्तीय एवम् व्यवसायीक कार्यविधि सम्वन्धमा ।
८. विनियम २०५५ शंशोधन तथा पुनरलेखन सम्बन्धमा ।
९. २०७८/२०७९ को लाभांस वितरण सम्वन्धमा ।
१०. संचालक समिति सदस्य रिक्त पद पदपूर्ती सम्बन्धमा ।
११. निर्णय पुस्तिका प्रमाणित प्रतिनिधी चयन सम्वन्धमा ।
१२. विविध ।

**नोट:** यस दिव्यतारा बहुउदेश्यीय सहकारी संस्था लि. को सदस्य सेवा केन्द्रहरुमा तपशिलबमोजीमको मिति समय र स्थानमा वार्षिक शाधारण सभा हुने भएकोले आ-आफ्नो सेवाकेन्द्रमा उपस्थित भई दिनको लागी सम्पूर्ण शेयर सदस्यहरुमा यो सूचना सूचीत गरीन्छ ।

| क.न. | सेवा केन्द्र | मिति | स्थान |
|---|---|---|---|
| १ | रामधुनी सेवा केन्द्र | २०७९।०७।१४ | हेटौडा-१८, रामधुनी |
| २ | मकवानपुरगढी सेवा केन्द्र | २०७९।०७।१५ | मकवानपुरगढी गा.पा, शिखरकोट-२ |
| ३ | चितवन सेवा केन्द्र | २०७९।०७।१५ | भरतपुर महानगरपालिका, छेत्रपुर-२ |
| ४ | पदमपोखरी सेवा केन्द्र | २०७९।०७।१६ | हेटौडा-१९, पदमपोखरी |
| ५ | राईगाउ सेवा केन्द्र | २०७९।०७।१७ | बागमती गा.पा. राईगाउ-२ |
| ६ | ललितपुर सेवा केन्द्र | २०७९।०७।१७ | ललितपुर महानगरपलीका, बागडोल-१३ |
| ७ | कमाने सेवा केन्द्र | २०७९।०७।१९ | हेटौडा-७, कमाने |
| ८ | पालुङ सेवा केन्द्र | २०७९।०७।१९ | थाहा नगरपालीका, शिखरकोट-३ |
| ९ | सान्नानीटार सेवा केन्द्र | २०७९।०७।२० | हेटौडा-१९, सान्नानीटार |
| १० | इन्द्रसरोवर सेवा केन्द्र | २०७९।०७।२० | इन्द्रसरोवर गा.पा., कुलेखानी-२ |
| ११ | मनहरी सेवा केन्द्र | २०७९।०७।२१ | मनहरी गा.पा., मानहरी-७ |
| १२ | मुख्य कार्यालय | २०७९।०७।२६ | हेटौडा-२, पल्पसा हल |

गणेश प्रसाद भेटूवाल
उपाध्यक्ष

केन्द्रीय कार्यालय हेटौंडा-२, पल्पसारोड, बागमती प्रदेश, हेटौंडा, मकवानपुर, नेपाल, फोन नं. ०५७-५२४९१६, ५२५५१७ E-mail: divyatara2000@gmail.com, Website: www.divyatara.com.np








साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना